संवत् २०७९ साल मङ्सिर २० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

क्र.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
1.	2079 मङ्सिर ४ गते प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन एकै चरणमा सफलतापूर्वक सम्पन्न भएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकोमा निर्वाचन आयोगलाई धन्यवाद दिने। साथै, यस निर्वाचनलाई सफल बनाउन आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण मतदाता, राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय तथा सुरक्षाकर्मी, सञ्चार माध्यम तथा सञ्चारकर्मी, नागरिक समाज लगायत निर्वाचन कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैलाई नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिने।	
2.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	वि.सं. २०७९ मंसिर १९ देखि २१ गतेसम्म पाकिस्तानको इस्लामावादमा आयोजना हुने Sixth South and South-west Asia SDG Forum मा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. दिलबहादुर गुरुङको नेतृत्वको भ्रमण टोलीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।
3.	अर्थ मन्त्रालय	नगद लेखाप्रणालीमा आधारित वित्तीय प्रतिवेदनका लागि संशोधित नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standard-NPSAS) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनमा ल्याउन स्वीकृति प्रदान गर्ने।
4.	अर्थ मन्त्रालय	विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि फिनल्यान्ड सरकारबाट प्राप्त हुने १९ मिलियन युरो (करीब २ अर्ब ५४ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने।
5.	अर्थ मन्त्रालय	विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि नर्वे सरकारबाट प्राप्त हुने १९५ नर्वेजियन क्रोनर (करीब २ अर्ब ५७ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने।
6.	अर्थ मन्त्रालय	कर्मचारी सञ्चय कोषको प्रशासक पदमा श्री जितेन्द्र धिताल (गोरखा) लाई नियुक्त गर्ने।
7.	ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	किमाथांका अरुण जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने।
8.	ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	धौबादी-मेघौली १३२ के.भी. प्रसारण आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने।
9.	ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	लेखनाथ दमौली २२० के.भी. प्रसारण आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने।
10.	ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	मर्स्याङ्दी जलविद्युत केन्द्रको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने।
11.	गृह मन्त्रालय	सार्वजनिक हितको लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।
12.	वन तथा वातावरण मन्त्रालय	सेती नदी जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
13.	वन तथा वातावरण मन्त्रालय	तनहुँ जलविद्युत आयोजनाको २२० के.भि. प्रसारणलाईन निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
14.	वन तथा वातावरण मन्त्रालय	टक्सार पिखुवा खोला हाइड्रोपावर प्रा.लि. लाई ३३ के.भी. प्रसारणलाइनको लागि वन क्षेत्र प्रयोग गर्न दिने।
15.	वन तथा वातावरण	माथिल्लो ठूलो खोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र

	मन्त्रालय	प्रयोग गर्न दिने।
16.	वन तथा वातावरण मन्त्रालय	दुधपोखरी चेपे जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
17.	वन तथा वातावरण मन्त्रालय	माथिल्लो आँखुखोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
18.	वन तथा वातावरण मन्त्रालय	मेवा खोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
19.	वन तथा वातावरण मन्त्रालय	सुपर चेपे जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
20.	वन तथा वातावरण मन्त्रालय	जालपादेवी केवलकार आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।
21.	श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय	2079 मंसिर २०-२३ सम्म सिंगापुरमा हुने सत्रौं एसिया तथा प्रशान्त क्षेत्रीय वैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्याल नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति प्रदान गर्ने।
22.	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	तारा गाउँ विकास समिति (कर्मचारी सेवा, सर्त र सुविधा) सम्बन्धी नियमावली बनाउन स्वीकृति प्रदान गर्ने।
23.	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी विनियमावलीलाई स्वीकृति प्रदान गर्ने।
24.	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	पोलियो भाइरस खोपको क्लिनिकल ट्रायलको लागि अनुमति प्रदान गर्ने।